# फाकफोकथुम गाउँपालिका गाउँकार्यपालिकाको बैठक

आ.व. २०८१/८२ को बैठक संख्या: १५

मिति: २०८१/१२/२१

फाकफोकथुम गाउँपालिका गाउँकार्यपालिकाको बैठक सञ्चालन कार्यविधि, २०७४ को दफा १० बमोजिम गाउँ कार्यपालिकाका अध्यक्ष श्री दिपेन्द्र खनालज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा बैठक बसि देहाय अनुसार निर्णयहरु गरियो।

तपसिल:

| सि.नं. | पद | नाम थर | दस्तखत |
|---|---|---|---|
| १ | अध्यक्ष | श्री दिपेन्द्र खनाल | |
| २. | उपाध्यक्ष | श्री कल्पना राई | |
| ३. | वडाध्यक्ष | श्री कर्ण बहादुर लिम्बू | |
| ४. | वडाध्यक्ष | श्री याम बहादुर खत्री पौडेल | |
| ५. | वडाध्यक्ष | श्री दिपेन्द्र लिम्बु | |
| ६. | वडाध्यक्ष | श्री पदम बहादुर दर्लामी | |
| ७. | वडाध्यक्ष | श्री सिद्धमान आले | |
| ८. | वडाध्यक्ष | श्री टंक नाथ खनाल | |
| ९. | वडाध्यक्ष | श्री छत्र बहादुर लिम्बु | |
| १०. | सदस्य | श्री कविता राई | |
| ११. | सदस्य | श्री डम्बर कुमारी बलम्पाकी मगर | |
| १२. | सदस्य | श्री देवी माया लामिछाने | |
| १३. | सदस्य | श्री चन्द्र कुमारी श्रेष्ठ | |
| १४. | सदस्य | श्री छत्र बहादुर बराईली | |
| १५. | सदस्य | श्री रिता दर्जी | |
| १६. | सचिव | श्री निर्मल तुम्रोक | |

प्रस्ताव पेश गर्ने स्वीकृत मिति: २०८१/११/२०

प्रस्तावहरु:

१. अघिल्लो कार्यपालिका निर्णयको समिक्षा सम्बन्धमा।

२. किसान सूचीकरण

३. विद्यालयमा रहेको अक्षयकोष सम्बन्धमा ।

४. खानेपानी आयोजनाहरुको व्यवस्थापन सम्बन्धमा ।

५. बाँदर नियन्त्रण सम्बन्धमा ।

६. सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन सम्बन्धा ।

७. विद्यालयको आसपास दुर्गन्ध हुन नदिने सम्बन्धमा ।

८. सार्वजनिक सुनुवाई सम्बन्धमा ।

९. एकतप्पा बहुमुखी क्याम्पस अनुदान सम्बन्धमा ।

१०. सामुदायिक अध्ययन केन्द्र र विद्यालय मर्मत सम्बन्धमा।

११. स्काउटको नपुग खर्च उपलब्ध गराउने सम्बन्धमा।

१२. कृषि र पशुको वडा सिलिङ सम्बन्धमा ।

१३. कागती र सुन्तलाका विरुवाको अनुदानमा वितरण सम्बन्धमा ।

१४. फाकफोकथम गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ स्वीकृत गर्ने सम्बन्धमा।

१५. राष्ट्रिय परिचयपत्र अनलाइन दर्ता स्टेशन र जनशक्ति माग गर्ने सम्बन्धमा।

निर्णयहरु:

| | |
|---|---|
| प्रस्ताव नं.१. | अघिल्लो कार्यपालिका बैठकको निर्णय कार्यान्वयनको समिक्षा सम्बन्धमा। |
| निर्णय नं.१. | अघिल्लो कार्यपालिको निर्णय कार्यान्वयनको शाखागत समिक्षा भयो। कार्यान्वयन गर्न बाकी रहेका निर्णयहरुको कार्यान्वयन गर्न सबै निकाय तदारुकताका साथ लाग्ने निर्णय गरियो। |
| प्रस्ताव नं.२. | किसान सूचीकरण सम्बन्धमा । |
| निर्णय नं.२. | गाउँपालिका भरीबाट सुचिकृत भएका किसानहरुको संख्याको बारेमा बैठकमा जानकारी भयो। सुचीकृत हुन छुट भएका किसानहरुको सूचिकरणको लागि बैशाख दोस्रो साता देखि वडागत रुपमा किसान सूचीकरण शिविर सञ्चालन गर्ने। |
| प्रस्ताव नं.३. | विद्यालयमा रहेको अक्षयकोष सम्बन्धमा । |
| निर्णय नं.३. | विभिन्न विद्यालयमा दाताहरुले विभिन्न उद्देश्यका साथ स्थापना गरेको अक्षयकोषको परिचालन र उपयोगको बारेमा गाउँपालिकामा विवरण पेश नभएकोले अक्षयकोष स्थापना भएका विद्यालयहरुले |

CamScanner

| | |
|---|---|
| प्रस्ताव नं.४. | खानेपानी आयोजनाहरुको लागि खानेपानी पाइप खरिद सम्बन्धमा । |
| निर्णय नं.४. | खानेपानी आयोजनाहरुको पाइप व्यवस्थापनका लागि ४ हजार मिटर २० MM/ ३ हजार मिटर २५MM को पाइप खरिद गरी वितरण गर्ने निर्णय गरियो । |
| प्रस्ताव नं.५. | बाँदर नियन्त्रण सम्बन्धमा । |
| निर्णय नं.५. | बाँदर नियन्त्रणका लागि बाँदर प्रभावित क्षेत्रमा खेदन वडा कार्यालयको सिफारिसमा वडा नं. १ देखि बाहेकका ६ वटा वडामा खाजा खर्च स्वरुप रु ५०,००० का दरले रकम भुक्तानी दिने निर्णय गरियो । |
| प्रस्ताव नं.६. | सुरक्षित नागरिक आवास कार्यक्रम सञ्चालन सम्बन्धा । |
| निर्णय नं.६. | सुरक्षित नागरिक आवासका लागि चालु आ.व. २०८१/८२ मा स्वीकृत बजेट तथा कार्यक्रम कार्यान्वयनको लागि प्रत्येक वडाबाट ३/३ जना फूसको छाना भएका नागरिकहरुलाई कार्यविधि बमोजिम लाभग्राही कायम गरी चैत्र मसान्त भित्रमा गाउँपालिकाको कार्यालयमा सिफारिस गरी पठाउने निर्णय गरियो । |
| प्रस्ताव नं ७ | विद्यालयको आसपास दुर्गन्ध हुन नदिने सम्बन्धमा । |
| निर्णय नं.७ | विद्यालय, स्वास्थ्य संस्था र बजार क्षेत्रको २०० मिटर आसपासमा बंगुरपालन, बोइलर फर्म, गाईभैंसी फर्म जस्ता दुर्गन्धि फैलने कुनै पनि क्रियाकलाप नगर्नका लागि पत्राचार गर्ने निर्णय गरियो। |
| प्रस्ताव नं. ८ | गाउँपालिकाको सार्वजनिक सुनुवाई सम्बन्धमा । |
| निर्णय नं. ८ | फाकफोकथुम गाउँपालिकाको सार्वजनिक सुनुवाई मिति २०८१ साल चैत्र २८ गते आयोजना गर्ने निर्णय गरियो । |
| प्रस्ताव नं.९ | एकतप्पा बहुमुखी क्याम्पस अनुदान सम्बन्धमा । |
| निर्णय नं.९ | फाकफोकथुम गाउँपालिका वडा नं. ७ एकतप्पामा रहेको एकतप्पा बहुमुखी क्याम्पसले गाउँपालिकामा पेश गरेको प्रस्ताव स्वीकृत गर्ने निर्णय गरियो। साथै चालु आ.व. २०८१/८२ मा आन्तरिक श्रोतबाट स्वीकृत भएको रु. १० लाख क्याम्पसले गाउँपालिकामा पेश गरेको प्रस्तावका आधारमा भएको द्पक्षीय सम्झौता बमोजिमखर्च हुने गरी अनुदान उपलब्ध गराउने निर्णय गरियो । |
| प्रस्ताव नं १० | सामुदायिक अध्ययन केन्द्र र विद्यालय मर्मत सम्बन्धमा। |
| निर्णय नं. १० | वडा नं. २ को सामुदायिक अध्ययन केन्द्रलाई मर्मत सम्भारको लागि रु १ लाख र जनकल्याण मावि दोकानडाँडालाई रु ४ लाख विद्यालयको मर्मत सम्भारबाट भुक्तानी दिने निर्णय गरियो । |
| प्रस्ताव नं.११ | स्काउटलाई भुक्तानी दिने सम्बन्धमा । |
| निर्णय नं. ११ | विराटनगर जाँदा स्काउटमा घाटा लागेकोले स्काउटलाई रु १३ हजार रकम भुक्तानी दिने निर्णय गरियो । |
| प्रस्ताव नं. १२ | कृषि र पशुको वडा सिलिङको कार्यक्रम सम्बन्धमा । |
| निर्णय नं. १२ | कृषि र पशु सेवा तर्फको कार्यक्रम आन्तरिक श्रोतमा रहेकोले आन्तरिक श्रोतमा भएका यी कार्यक्रम सञ्चालन नगर्ने निर्णय गरियो । |
| प्रस्ताव नं १३ | कागती र सुन्तलाका विरुवाको अनुदानमा वितरण सम्बन्धमा । |

CamScanner

| | |
|---|---|
| **प्रस्ताव नं १३** | **कागती र सुन्तलाका विरुवाको अनुदानमा वितरण सम्बन्धमा ।** |
| निर्णय नं. १३ | कागती र सुन्तलाका ३००/३०० विरुवा वडाहरुमा क्षेत्र निर्धारण गरी ७५ प्रतिशत अनुदानमा सूचना निकालेर वितरण गर्ने निर्णय गरियो । |
| **प्रस्ताव नं. १४** | **फाकफोकथम गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ स्वीकृत गर्ने सम्बन्धमा।** |
| निर्णय नं १४ | फाकफोकथुम गाउँपालिकाको सार्वजनिक खरिद प्रक्रियालाई छिटो छरितो र पारदर्शी बनाइ खरिद प्रक्रियामा सुशासन कायम गरी प्रभावकारीता अभिवृद्धि गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४ र सार्वजनिक खरिद ऐन, २०६३ को दफा ७४ ले दिएको अधिकार प्रयोग गरी तयार गरिएको फाकफोकथुम गाउँपालिकाको सार्वजनिक खरिद नियमावली, २०८१ स्वीकृत गर्ने निर्णय गरियो। |
| **प्रस्ताव नं.१५** | **राष्ट्रिय परिचयपत्र अनलाइन दर्ता स्टेशन र जनशक्ति माग गर्ने सम्बन्धमा।** |
| निर्णय नं.१५ | नेपाल सरकारले मिति २०८१ माघ देखि यस जिल्लामा सामाजिक सुरक्षा लाभग्राहीहरुको लागि समेत राष्ट्रिय परिचयपत्र अनिवार्य गरेको सन्दर्भमा यस गाउँपालिकामा नै अनलाइन दर्ता गर्न आवश्यक स्टेशन र जनशक्ती उपलब्ध गराइदिन राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभाग, राष्ट्रिय परिचयपत्र व्यवस्थापन शाखालाई अनुरोध गर्ने निर्णय गरियो। साथै दर्ता स्टेशनमा खट्ने जनशक्तिको व्यवस्थापन र कार्य अवधिभरको सामग्रीको मर्मत गाउँपालिकाले गर्ने समेत निर्णय गरियो। |

CS CamScanner